हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY




वर्ष : ०२ अंक : ६६ पृष्ठ : ४ २०७८ कार्तिक १० गते बुधबार (Wednsday 27 Oct. 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# पडरियाका साना किसान सहकारीले स्वस्थ्य मासुका लागि ब्राखा पालन गर्ने



लहान। लहान नगरपालिका ११ पडरियाका साना किसान सहकारी संस्थाले स्वस्थ्य मासुका लागि ब्राखा पालन गर्ने भएको छ। मंगलबार सार्वजानिक सुनुवाई कार्यक्रममा संस्थाका अध्यक्ष मागैन कामैतले सो योजनाको विषयमा जानकारी गराएका छन्।

सो योजना नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना, विकेन्द्रिकृत आयोजना सहयोग इकाई र सहकारीको साझेदारीमा सञ्चालनमा ल्याउने कामैतले सुनाए। सरकार र सहकारीको ५०/५० प्रतिशत लगानीमा स्वस्थ्य मासुका लागि ब्राखा पालन गरिने उनले जानकारी दिए।

संस्थाको नाममा १० कठ्ठा जग्गा छ। त्यहीमा खोर बनाएर २०० ब्राखा पालन गर्ने योजना बनाएको छ। संस्थाले ३० लाखबाट सुरु गरेको कारोबार अहिले १८ करोडमा पुगेको कामैतले बताए। यस संस्थामा ७०० घरधुरीका सदस्य शेयरकर्ता रहेको जनाएको छ। सार्वजानिक सुनुवाई कार्यक्रममा प्रमुख अतिथि लहान नगरपालिकाका मेयर मुनि साह थिए। विशिष्ठ अतिथिमा उपमेयर सरियार चौधरी, नेकपा एमालेका नेता राजेन्द्र चौधरीलगायत थिए। मेयर साहले आफुले नगरपालिकाबाट कृषि क्षेत्रमा विशेष ध्यान दिएर कार्यक्रमहरु बढाइरहेको बताए। यस संस्थालाई पनि यही आर्थिक वर्षमा भवन बनाउन सहयोग गर्ने उनले प्रतिबद्धता जनाए। संस्थाले समाज स्तरमा उल्लेखनिय कार्य गरेको उपमेयर सरियार चौधरीले सुनाईन्।

# लागुऔषधसहित पक्राउ परेका वडाअध्यक्ष हाजिरी जमानीमा छुटे



सिरहा। सिरहा नगरपालिका १८ का गत स्थानीय तहको चुनावमा नेकपा एमालेबाट निर्वाचित भएका वडाअध्यक्ष रामसोगारथ यादव लागुऔषधसहित सोमबार साँझ पक्राउ परेका थिए। उनी मंगलबार हाजिरी जमानीमा रिहा भएका छन्। प्रहरीको उनले प्रयोग गरेको स १ ब ९३८ नम्बरको सरकारी मोटरसाइकलबाट १५ पीस ट्याब्लेट बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा डिएसपी सुवास बुढाथोकीका अनुसार पक्राउ परेका यादवलाई जिल्ला प्रहरी कार्यालयमा ल्याएर अनुसन्धान गरिएको थियो। अहिले सिरहा नगरपालिकाको मेयर अशेश्वर यादवको रोहबरमा छोडिएको छ। बरामद लागुऔषध र मोटरसाइकल प्रहरीको जिम्मेवारीमै राखेर अनुसन्धान भइरहेको उनले सुनाए।

सोमबार साँझ भारतीय सीमावर्ती माडर बजारबाट उनलाई प्रहरीले चेकजाँचको क्रममा पक्राउ गरेको थियो। उनको मोटरसाइकलबाट १५ पीस नाइट्रोभेट ट्याब्लेट बरामद भएको प्रहरीले जनाएको छ। यसैगरी, सिरहा नगरपालिका १८ स्थित प्रहरी टोलीले स.४प. ७६०८ नम्बरको मोटरसाइकल चेकजाँच गर्ने क्रममा अर्नामा गाँउपालिका ३ का २३ वर्षीय पप्पु दासलाई लागुऔषधसहित पक्राउ गरेको छ । उनको साथबाट अबैध लागुऔषध फेनारागन ईन्जेक्सन–१०० पिस, डाईजेपाम ईन्जेक्सन–१०० पिस र नोर्फीन ईन्जेक्सन १०० पिस बरामद भएको प्रहरीले जनाएको छ।




# ६ महिनापछि खुल्यो ड्राइभिङ लाइसेन्सको आवेदन

काठमाडौं। यातायात व्यवस्था विभागले ६ महिनापछि नयाँ सवारी चालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स)को आवेदन खोलेको छ। गत वैशाख १६ गतेदेखि महामारीको कारण देखाउँदै बन्द गरेको आवेदन प्रणाली सोमबमार रातिबाट खुलेको विभागले जनाएको छ।

प्रवक्ता डा. लोकनाथ भुसालका अनुसार सोमबमार रातिबाट आवेदन प्रणाली खुला भएको र अब नियमित रुपमा फारम भर्न सकिने बताए। कोरोनाको कारण देखाएर लामो समय आवेदन रोकेका कारण नयाँ चालकहरु समस्यामा थिए।

प्रवक्ता भुसालका अनुसार अब दैनिक रुपमा कार्यालयको कोटा निर्धारण गरेर दैनिक रुपमै आवेदन लिन थालिएको छ। कार्यालयहरुले आफ्नो क्षमताअनुसार कोटा तोकेर आवेदन खुलाएका छन्। विगतमा जसरी भिजिटिङ मिति' तोकेर असीमित आवेदन लिदैंनौं,' उनले भने,'दैनिक रुपमा कोटाअनुसार भोपल्टको भिजिट मिति दिन्छौं, पहिले आवेदन दिएका धेरै जना अहिले पनि परीक्षा कुरिरहनुभएकाले उहाँहरुलाई प्राथमिकता दिने योजना छ।'

**नयाँ निर्देशिकाअनुसार परीक्षा**

नयाँ आवेदन दिनेहरुले अब विभागले ल्याएको अंकभार

# कांग्रेसमा दोश्रो पुस्ताको अन्तिम अग्नि परीक्षा

**बाबुराम चालिसे र सन्तोषराज सुवेदी**

नेपालको बलियो राजनैतिक शक्तिका रूपमा रहेको कम्युनिस्ट पार्टी शक्ति र सत्ताको भूमरीमा तिर्मिराउँदै भिन्न–भिन्न पार्टीमा क्षयीकरण भइरहेका बेला देशको समकालीन राजनीतिको चर्चाको एउटा विषय छ– कांग्रेसको आगामी १४औँ महाधिवेशन।

सात दशक लामो इतिहास बोकेको यो पार्टी कांग्रेसजनको आँखाबाट हेर्ने हो भने अनुभवी र सबैभन्दा गौरवशाली मान्न सकिन्छ। तर, गैरकांग्रेसजनको आँखाबाट बूढो वा बूढाहरूको पार्टी। गैरकांग्रेसले कांग्रेसलाई बूढो पार्टी देख्नुको आधार कांग्रेसको पाको उमेर मात्र पक्कै होइन। उमेरकै हिसाबमा बीपी, गणेशमानले स्थापना गरेको नेपाली कांग्रेस र पुष्पलालले स्थापना गरेको नेपाल कम्युनिस्ट पार्टी दुवै सात दशकको उत्तरार्धतिर छन्।

प्रश्न उठ्छ, गैरकांग्रेसले कांग्रेसलाई बूढो पार्टी देख्नुको खास आधार के हो ? यसको सरल उत्तर छ– कांग्रेसमा वृद्ध नेताहरूको हालिमुहाली। कांग्रेसका अधिकांश नेताहरूको चाउरिसकेको अनुहार र काँसफैँ छपक्क सेतै फुलेको कपाल देख्दा कांग्रेसलाई बूढाहरूको पार्टी भन्दा अत्युक्ति नहुने अवस्था छ। हुन त प्रत्येक अवस्थामा उमेरले मात्र युवा अवस्थाको सिमाङ्कन नगर्ला, 'एज'ले होइन, 'एजेण्डा'ले 'ड्राइभ' गर्ने कुरा पनि आउन सक्ला, तर वर्तमान नेपाली राजनीतिमा त्यस्तो अद्भुत क्षमताको नेता कोही देखिएको छैन।

राजनीतिमा मात्र ३० वर्षलाई उल्टाउँदै जाने हो भने छुटाउन नहुने घटना औँलामा गन्न सकिने छन्। प्रजातन्त्र पुनः प्राप्तिको आन्दोलन र प्राप्ति (२०४७), जनआन्दोलन भाग –२ (२०६३), संविधानसभाको पहिलो निर्वाचन (२०६४), गणतन्त्र नेपालको घोषणा (२०६५), संविधानसभाको दोश्रो चुनाव (२०७०), संविधानसभाबाट संविधान घोषणा (२०७२), स्थानीय, प्रादेशिक तथा संघीय तहको चुनाव (२०७४), संसद् विघटन (२०७७) नेपालको राजनैतिक दृश्यमा यी अकाट्य सत्य घटना हुन्। संसद् विघटन (२०७७) बाहेकका अरू सबै घटनाक्रमहरूमा कांग्रेस नेतृत्वदायी भूमिकामा छ तर गएका ३० वर्ष वरिपरिका घटनाक्रमहरूमा कांग्रेसभित्र युवाहरूको भूमिका सडक संघर्षमाबाहेक निर्णायक तहमा उपस्थिति शुन्यप्रायः नै छ।

यही कारण कांग्रेसलाई बूढो पार्टी वा बूढाहरूको पार्टी भनिएको मान्न सकिन्छ। तर, के कांग्रेस प्रौढहरूको मात्र पार्टी हो त ? कांग्रेसको पहिलो पुस्तामा सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, कोषाध्यक्ष सितादेवी यादव, नेता कुलबहादुर गुरुङलगायत चिनिन्छन्। यीमध्ये देउवाले पुनरावृत्तिको संकेत देखाएका छन् भने पौडेल आफू अझ एकपटक सभापति लड्ने अडानमा देखिन्छन्।

२०४७ पछि निरन्तर सत्ता र शक्तिको सान्निध्यमा रहेको पहिलो पुस्ताले आगामी महाधिवेशनबाट विश्राम लिनुपर्छ भन्ने विषयलाई तेस्रो पुस्ताले जोडदार रूपमा उठाइदिँदा दोश्रो पुस्तालाई अन्तिम एकपटक नेतृत्वदायी भूमिकामा बस्ने ग्राउण्ड निर्माण भएको छ। अझ भनौँ, चमकमा आइसकेको तेस्रो पुस्ताको चपेटामा परिरहेको र परीक्षण हुन बाँकी कांग्रेसका मझौला उमेरका दोश्रो पुस्ताका नेताहरूले यो महाधिवेशनको अवसरलाई कसरी प्रयोग गर्दैछन र गर्नुपर्छ ? यो लेख यही पेरिफेरिमा केन्द्रित छ।

राणाहरूको भारदारीसभामा बर्माको बम पड्काउने आँट स्थापकालको नेपाली कांग्रेसमा थियो। त्यतिखेरै थियो, जहानिया राणा शासनको अँध्यारो व्यवस्थाबाट आजित भएका कैयौं नागरिकलाई उज्यालो व्यवस्थाको चाह। यी दुवै कुराको फ्युजनबाट नेपाली राजनीतिमा स्थापित नेपाली कांग्रेसले उल्झन बल्झनका सात दशक पार गरिसकेको छ। यो स्थितिसम्म आइपुग्दा उसले सयौं प्रतिक्रिया, सयौं टिप्पणीहरू पनि सँगसँगै जन्माएको छ। २०७४ सालमा तीनै तहको निर्वाचनमा अकल्पनीय र ऐतिहासिक हार व्योहोरेपछि कांग्रेसमाथि आएको मुख्य टिप्पणी हो, 'किल्किलेमा पञ्चायतले संगीन राख्दासमेत नहल्लिएको कांग्रेसको धरातल दुई कम्युनिस्ट पार्टीको एकताले हल्लाइदियो।'

हुन पनि कांग्रेसको इतिहासको पर्चा पद्दा–पद्दा मोनोटोनस बनिसकेका जनतामा कम्युनिस्टको एकताले एकाएक आसा जगाइदियो र दुई तिहाइनजिकको शक्ति पनि प्राप्त गऱ्यो। तर, मुलुकलाई समृद्धिको हाइवेमा दौडाउनुपर्ने समयमा कम्युनिस्ट सरकारले मुलुकलाई काण्ड, भ्रष्टाचार र अराजकताको भड्खालोमा हालिदिए। यसकारण संविधानवाद र विधिको शासनका पक्षधरहरूले अड्कलबाजीसहित नजिकबाट नियालिरहेको एउटा सन्दर्भ छ, कांग्रेसको १४औँ महाधिवेशन र उसले जन्माउने नयाँ नेतृत्व।

कांग्रेसमा फेरि शेरबहादुर देउवा वा रामचन्द्र पौडेलको पहिलो पुस्ता नेतृत्व दोहोरिएलान् वा अर्को पुस्ता नेतृत्वमा आउला ? आगामी महाधिवेशनको सबैभन्दा चासोको विषय यही हो। यो चासोलाई हाम्रो निजी विचारसहित अगाडि बढाऔँ। त्रिभुवन विश्वविद्यालयमा पोलिटिकल साइन्समा अध्ययन गरिरहेका एकजना मित्रले केही दिनअगाडि हामीलाई रमाइलो प्रसंगमा प्रश्न गरे, 'कांग्रेसको आगामी महाधिवेशनमार्फत सभापतिमा फेरि शेरबहादुर देउवा दोहोरिएर आउन् भन्ने चाहना राख्ने सबैभन्दा ठूलो पङ्क्ति कहाँ छ ?'

एकछिनमा उत्तर पनि उनी आफैँले दिए, 'अस्वस्थ प्रतिस्पर्धा चाहने कम्युनिस्ट नेता वा कार्यकर्तामा।' हुन पनि हो, नेतृत्वमा फेरि शेरबहादुर देउवा नै दोहोरिए वा रामचन्द्र पौडेल आए भने त्यहाँ आम भरोसा जोडिएको हुँदैन। कांग्रेसबाट जनताको आशालाई विकेन्द्रित गर्न कम्युनिस्टलाई धेरै सजिलो हुनेछ।

यतिबेला तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले विघटन गर्नुभएको प्रतिनिधिसभा पुनःस्थापना भएपछि कांग्रेस सभापति देउवा मुलुकको प्रधानमन्त्री बन्नुभएको छ। प्रधानमन्त्री देउवाको जीवनको उत्तरार्धमा पाँचौं पटक प्रधानमन्त्री बन्ने ज्योतिषीय भविष्यवाणी आफैँमा असाधारण अवसर बनेर आएको छ। राजा ज्ञानेन्द्रको निरङ्कुशताविरुद्ध लड्दा तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालालाई पनि यस्तै सुनौलो अवसर आएको थियो। विघटित प्रतिनिधिसभा पुनःस्थापित भएसँगै माओवादीलाई शान्ति वार्तामा ल्याएर कोइरालाले आफ्नो अवसरलाई सदुपयोग गर्नुभएको थियो।उसैगरी पार्टीको महाधिवेशन सँगसँगै आगामी निर्वाचनलाई मध्यनजर गर्दै सभापति देउवाले योबीचमा १६–१७ महिना सरकारको अवधिलाई आफ्नो जीवनकै स्वर्णिम कालको रूपमा स्थापित गराउने प्रयत्न गर्नुपर्छ र सुदृढ कांग्रेस हस्तान्तरणको नायकत्व ग्रहण गर्दै स्वेच्छिक अवकाशका निम्ति तयार रहनुपर्छ। यो यथार्थपरक समय सन्दर्भले नै उहाँलाई सम्मानजनक बहिर्गमनको ढोका खोल्ने छ अन्यथा बारम्बार 'टेस्टेड' अनुहारलाई कांग्रेसले बोकेर हिँड्दा न त त्यहाँ आम भरोसा नै जोडिन सक्छ, न त अब थपिने लाखौँ नयाँ मतदाताले कांग्रेसलाई खोज्ने अवस्था नै बन्नसक्छ। यतिबेला कांग्रेसको स्टकमा लिडरसिप रितिएझैँ भएको छ, सत्ताको हटसिटमा बसेकाहरूबाट कांग्रेसमाथि आइपरेका आरोपहरू चिरिन सम्भव छैन। त्यसैले आज नेपालमा राम्रो/नराम्रो जे छ, त्यसको जस/अपजस लिँदै तीन दशकदेखि निरन्तर पार्टी र राज्य सञ्चालनमा प्रभावकारी भएको पुस्ताले आगामी महाधिवेशनबाट विश्राम लिनुपर्छ भनिएको हो।

आगामी महाधिवेशनले लिएको अर्को सवाल हो, कांग्रेसको दोस्रो पुस्ताको निर्णय क्षमता। नेतृत्वको आँट र हुङ्कारसहित कांग्रेसको दोस्रो पुस्ता महाधिवेशनको भेलमा होमिन्छ अथवा शेरबहादुर वा रामचन्द्रकै बुई चढेर राम–राम जप्छ ? महाधिवेशनले ब्यग्रताका साथ पर्खिरहेको छ।कांग्रेसको दोस्रो पुस्ता भन्नासाथ चर्चामा आउने वा सम्झिने नेताहरू हुन्, शशांक कोइराला, बिमलेन्द्र निधि, कृष्ण सिटौला, प्रकाशमान सिंह, अर्जुनरसिंह केसी, प्रदीप गिरी, शेखर कोइराला, डा. रामशरण महत। यो दोस्रो पुस्ता राणासँग लडेको पुस्ता होइन तर कालरात्रिजस्तो पञ्चायती व्यवस्थामा जुनकिरी बनेर राजनीतिक चेतना फैलाएको पुस्ता भने अवश्य हो। जर्जर पञ्चायती व्यवस्थाबाट देशलाई प्रजातन्त्रको बाटोमा पुनः डोऱ्याउन २०४७ मा गरिएको आन्दोलनमा यही पुस्ताको रगत बगेको छ। यो देशको शासन व्यवस्था वंशजको निरन्तरतासँगै अगाडि बढ्न सक्दैन, जनताले आफ्नो शासक र आफ्नो शासन व्यवस्था आफैँ चुन्न पाउनुपर्छ भन्ने आशयसहित गरिएको २०६२/६३ को आन्दोलनमा यही पुस्ता खटिएको थियो। तर सँगसँगै अर्को दुखद् पक्ष प्रजातन्त्र पुनःप्राप्तिका तीन दशक बितिसक्दा समेत यो पुस्ताको पेटमा नेतृत्वको आगो बल्न सकेन।

शेरबहादुर देउवा मात्र कांग्रेसमा यस्तो दुर्लभ पात्र भए, जो बिपीबाटै प्रभावित बनेर राजनीतिमा होमिए र ५० वर्षकै उमेरमा बिपी परिवारको वरिपरि घुमेको कांग्रेस राजनीतिलाई हुङ्कार दिए। अहिले ६० कटिसकेका दोश्रो पुस्ताले शेरबहादुर देउवाको त्यो आँटबाट शिक्षा लिन्छन् वा फेरि शेरबहादुरकै बुई चढ्छन त्यो समयले देखाउने छ।

दोश्रो पुस्ताको चर्चामा रहने नेताद्वय शशांक कोइराला र प्रकाशमान सिंह कलिलो उमेरबाटै राजनैतिक चेतनामा हुर्किए। अनुहारमा बिपीको आभा धपक्कै बलेको देखिने शशांक कोइरालाले बाबुको विर्ता देखाएर युवराजधिराज बन्न खोज्लान् वा आफ्नो डीएनएमा पनि बाबुकै जस्तो दूरदर्शिता र मेलमिलाप छ भनी प्रमाणित गर्ने अन्तिम अवसरलाई सदुपयोग गर्लान् ? त्यो महाधिवेसनले देखाउने छ। तर, विगतमा पाएका सुनौला मौकाहरूलाई सदुपयोग गरेको भए उनी न त अहिलेको अप्ठेरो परिस्थितिबाट गुज्रिनुपर्थ्यो न त केही ठेकेदारहरूलाई जम्मा गरेर चुस्की लगाउने आरोप खेप्नुपर्थ्यो। बिरासतकै राजनीतिमा शशांकका अर्का सारथि हुन् प्रकाशमान सिंह। पिता गणेशमान सिंहबाट अनुहार दुरुस्तै लिएका प्रकाशमानले बाबुको जस्तै साहस देखाउँछन् वा देखाउदैनन् ? उनको क्षमता केवल काठमाडौंको खाल्डोभन्दा बाहिर पनि फैलिएको छ वा छैन ? बुझाउन प्रकाशमान सिंहलाई पनि यो महाधिवेशन अग्निपरीक्षा हो।

तेहाँैं महधिवेशनमा युवापङ्क्तिका चर्चित नेता गगन थापालाई साथमा लिएर तरङ्ग ल्याएका कृष्ण सिटौलाले पहिलो पुस्ताबाट नेतृत्व हत्याउने अर्को सामूहिक प्रयास गर्लान् वा लुसो अनुहारका साथ पहिलो पुस्ताको आँगनमा सीमित पदाधिकारीको लबिङका लागि पुग्लान् ? बी ग्रेडको कोइराला भन्दै कार्यक्रमहरूमा तरङ्ग ल्याइरहेका शेखर कोइरालाले भाइ शशांक र सुजता कोइरालासहितका थुप्रै नेताहरूसँग कनेक्ट भएर एकसाथ महाधिवेशनको सामना गर्लान् वा रामचन्द्रको घरमा एक्लै पुग्लान् ? गहुँ र धान छुट्याउन नसक्ने अर्थशास्त्रीको कित्ता पाएका डा. रामशरण महत नवउदारवादको हयाङओभरमै बाँच्लान् वा उनलाई यो महाधिवेशनले ऊर्जा प्रदान गर्ला ? पञ्चायतको कठोर कालरात्रिमा नेविसंघ सभापति बनेर पार्टीका गतिविधि चलायमान बनाएका र १३औँ महाधिवेशनमा देउवालाई पूर्ण सहयोग गरेका बिमलेन्द्र निधिले शेरबहादुरकै विगतबाट शिक्षा लिएर आगामी महाधिवेशनमा इन्द्रजस्तै शक्तिशालि बन्नतर्फ ध्यान केन्द्रित गर्लान् वा लुसुक्क शेरबहादुरकै काखीमा च्यापिएलान् ? यी सबै–सबै प्रश्नहरूलाई महाधिवेशनले बढो ब्यग्रताका साथ कुरिरहेको छ।

यसरी माथिका यी दोश्रो पुस्ताका प्रतिनिधि नेताहरूलाई १४औँ महाधिवेशनको अवसर अन्तिम हो। नेतृत्वमा दोस्रो पङ्क्तिका यी नेताहरू नआउनु भनेको फेरि शेरबहादुर देउवा वा रामचन्द्र पौडेलकै हातमा पार्टीलाई थप चार वर्ष सुम्पिनु हो। त्यसो भएमा, यो पक्का छ, कांग्रेसमा आस्था राखेर कांग्रेसबाटै परिवर्तन हुन्छ भनेर भोट खसाल्दै आएका दूरदराजका कार्यकर्ता वा शुभचिन्तकमा निराशा व्याप्त हुनेछ। कांग्रेस कार्यकर्ता पार्टीका ऊर्जा हुन्, निराशा र चिन्ता प्रकट गर्ने पार्टी कार्यकर्ताहरूले पार्टीको भिजनमाथि न्याय गर्न सक्दैनन् भन्ने हाम्रो राय हो। माथि भनिएजस्तै इतिहासको पर्चा पढ्दा–पढ्दा वाक्कदिक्क बनेका र कांग्रेसको पहिलो पुस्ताबाट परिवर्तनको कुनै गुन्जायस नभेटेका आम जनताले निर्वाचनमार्फत कम्युनिस्टलाई रोज्न पुगे। यसर्थ कांग्रेसले महाधिवेशमार्फत नेतृत्वमा पुरानै पुस्ता दोहोऱ्याउने हो भने फेरि कांग्रेसलाई नै हेरौं भन्ने कुरा जनताले दोहोऱ्याएर पत्याउने छैनन्।

नयाँ नेपाल निर्माणको सेन्टिमेन्ट प्रवाह भइरहेको २०६४ को चुनावबाट जनताले राजनीतिको भरपर्दो विकल्प खोजिरहेको पुष्टि भएको थियो। पाएको ऐतिहासिक सुनौलो मौकालाई माओवादीले प्रयोग गर्न सकेन, बरू आन्तरिक कलह, स्वार्थ र फुटमा माओवादीले समय खेर फाल्यो। त्यसपछि माओवादीले दोस्रो अवसर पाएन। कांग्रेस नेताहरूलाई चेतना होस्, उत्कृष्ट बनेर कांग्रेसले २०७० को चुनाव जितेको होइन, उपयुक्त विकल्प नभेटेर हो। ०७४ को प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसले ३३ प्रतिशत मत पाँउदा, ४९ प्रतिशत मतदाताले कम्युनिस्टलाई भोट दिए। ०१५ सालमा कांग्रेसले ३७.२२ प्रतिशत मत प्राप्त गर्दा कम्युनिस्ट ७.२ प्रतिशतमा सीमित थिए। ०५१ मा आउँदा यो प्रतिशत बराबरीमा पुग्यो, ३३ प्रतिशत। ०४८ पछिको समयमा नेपालमा कम्युनिस्टहरूको मत बढ्दै गयो, अंकगणितले भन्छ, '०५६ मै कांग्रेस पराजित हुन्थ्यो कम्युनिस्ट एक भएर लडेको भए।' किन ०४८ यता नेपालमा कम्युनिस्टहरूको मत बढिरहेको छ ? मध्यमवर्गीय तथा शहरी भेगका जनताहरूमा कांग्रेसप्रतिको विकर्षण किन बढ्दो छ ? लोकतन्त्रमा विश्वास गर्ने यति ठूलो हिस्सा कांग्रेसलाई मत दिन किन हिच्किचाइरहेको छ ? यो प्रश्नको उत्तर महाधिवेशनबाट खोज्नुपर्नेछ।

यो शाश्वत सत्य हो। कांग्रेसलाई जनताले फेरि पनि विश्वास गर्न कांग्रेसमा आमूल परिवर्तनको आवश्यकता छ, जुन पुरानो पुस्ताबाट सम्भव छैन। एउटा सुदृढ र भरोसायोग्य पार्टी बनाउन कांग्रेसभित्रै ठूलो परिवर्तनको खाँचो छ। एउटा आम नागरिकले कांग्रेसभन्दा के सम्झन्छ ? पार्टीको नेतृत्व, उसको छवि र राजनैतिक इमानदारी। एस्तो बेला अग्रज पुस्ताको समर्पण, त्याग, तपस्या र बलिदान गौण बनिदिन्छ। त्यसैले कांग्रेस बदल्छु भन्नेहरूले अब नेता बदल्छु भन्ने संकल्प गर्नुपर्छ। नेतृत्व परिवर्तन नगरी कांग्रेस बदल्छु भन्ने कुरा कोहीबाट हुन्छ भने त्यो कल्पनातीत बन्नसक्छ। कांग्रेसमा यतिबेला व्यक्तिलाई मठाधीश बनाउने र उसैको परिक्रमाका आधारमा नेतृत्वका बाँकी भागहरू हत्याउने स्पष्ट

बाँकी ३ पेजमा

## कांग्रेसमा...

भित्री खेलहरू देखिन्छन् । एसले इमानको राजनीतिलाई विचलित बनाएको छ। यही बेला हो विचारहरू स्खलित हुने र पार्टी कर्पोरेट संरचनातिर जाने ।

पार्टीमा व्यक्तिको व्यवस्थापन महत्त्वपूर्ण कुरा होइन। को व्यक्ति नेतृत्वमा आउँछ, त्यसले पार्टीलाई कसरी अगाडि लैजान्छ, आजका चुनौतीहरूलाई कसरी सामना गर्छ, दृष्टिकोणहरू कसरी निर्माण गर्छ, प्राथमिकताहरू कसरी निर्धारण गर्छ भन्ने कुराचाहिँ महत्त्वपूर्ण हुन्छ। त्यसैले युगअनुसारको नयाँ संकल्पसहितको भिजनरी कांग्रेस निर्माणका लागि यो महाधिवेशन नयाँ नेतृत्व चयनको अवसर त हो नै, सँगसँगै नया विचार र नवीन संगठन निर्माणको अवसर पनि हो । तसर्थ नेतृत्वदेखि महाधिवेशनमा आउने प्रतिनिधि सबैले गुटगत लेनदेनभन्दा माथि उठेर विवेक र जिम्मेवारीसहित सही निर्णय दिनुपर्ने विषयलाई हृदयबाटै मनन गर्नुपर्दछ।

**निष्कर्षमा,**

कांग्रेस किन माथि उठ्ने भन्ने सवालमा त्रिभुवन विश्वविद्यालयका हामी दुई विद्यार्थीको साझा मत छ। कतिपय दलहरू विघटन हुँदासमेत राजनीतिमा केही फरक परेको छैन। तामझामका साथ एकता गरिएको नेकपा एमाले र माओवादी फुटका कारण नेकपा तहसनहस बन्यो। नेकपा एमाले भर्खरै विभाजनमा गयो। जसपा विग्रहमा न शोक छ न सुर्ता ! कसैलाई केही भएको छैन। त्यसो भए कांग्रेस राजनैतिक अस्तित्वमा नरहँदा के फरक पर्छ त ? हामी घन्टौँ पैरवी गर्न सक्छौँ। नेपालको लोकतान्त्रिक आन्दोलनको अग्रदस्ता कांग्रेसले तीन पटकभन्दा बढी आफ्नै नेतृत्वमा जनआन्दोलनलाई सफल बनायो। राजनैतिक उपलब्धिहरूले पटकपटक ठूला–ठूला स्पीड ब्रेकर्सको सामना गरे पनि लोकतन्त्रका निमित्त कांग्रेस एक्लै जनआन्दोलनको मोर्चामा होमियो। नेपालको लोकतन्त्रलाई बचाउनेदेखि जनाधिकारका मुद्दालाई सम्बोधन गर्न सशक्त कांग्रेस चाहिन्छ। त्यसैले सामूहिक रूपमा 'लोकतन्त्र जोगाऔँ, कांग्रेस बचाऔँ' भन्ने अपिल गर्नुपरेको हो।

# ओलीसँग सुलह गर्न १० बुँदे गरेका भीम रावल फेरि किन चिढिए ? यी हुन् दर्जन कारण

काठमाण्डौं। एमाले उपाध्यक्ष भीम रावलले २७ असार राति १० बजेको १०बुँदे सहमति कार्यान्वयन नभएको प्रश्न बारम्बार उठाइरहेका छन् । १०बुँदेको लिस्नोबाट एमाले अध्यक्ष केपी ओलीसँग सहमति गर्न पुगेका रावलसहित १० नेताहरूमध्ये घनश्याम भुसाल र रावलमात्रै १०बुँदेको प्रश्न गरिरहेका छन्, बाँकी नेताहरू ओली सामुन्ने बोली फुटाउन छाडिसकेका छन्।

२ भदौपछि एमालेमा सक्रिय उनीहरूको असन्तुष्टिको चरम रूप ५ कात्तिकमा पोखियो। १०बुँदे सहमति अनुसार सुदूरपश्चिम प्रदेश इन्चार्जमा भीम रावलको दाबीमा अध्यक्ष ओलीले सुनुवाइ त परको कुरा विषय उठाउन गर्न नै चाहेका छैनन्। ५ कात्तिक ०७८ को एमाले स्थायी कमिटी बैठकअघि नै उपाध्यक्ष भीम रावलमा रोष प्रकट गर्न थालिसकेका थिए। त्यसदिन रावलले १०बुँदे कार्यान्वयन कार्यदलको संयोजकबाट राजीनामा दिए। भोलिपल्ट ओलीले जवाफ दिए–उहाँले सकिन भनेर राजीनामा दिनुभयो, यो ठूलो इस्यु होइन।'

माओवादी छोडेर एमालेमा लेखराज भट्ट आउनुअघि रावल सुदूरपश्चिम प्रदेशको इन्चार्ज थिए, त्यही पद फिर्ताको मागमा छन् रावल। तर, अध्यक्ष ओली निर्णय फिर्ता लिने र इन्चार्ज भट्टको सट्टा रावललाई दिन मञ्जुर देखिएका छैनन्। त्यही कारण १०बुँदे सहमति कार्यान्वयन अलपत्र परेको र असोज दोस्रो साताको विधान महाधिवेशनमा बोल्नै नपाएको सन्दर्भ पनि रावलले निकाल्न थालेका थिए।

५ कात्तिकमा रावलले जे एजेण्डामा राजीनामा दिए, ७ कात्तिकको परिदृश्य रावल थप किनाराकृत हुने संकेत देखिएको छ। जस्तो, ७ कात्तिकमा ओली गृहजिल्ला झापा उड्दै थिए, साथमा थिए लेखराज भट्ट। सुदूरपश्चिम प्रदेशका इन्चार्ज भट्ट अध्यक्ष ओलीसँगै प्रदेश १ को भ्रमणमा निस्कनुको अर्थ रावलप्रति ओली सकारात्मक छैनन् भन्ने प्रस्ट सन्देश थियो।

अध्यक्ष केपी ओलीनिवास बालकोटमा नेताहरू सुवासचन्द्र नेम्वाङ, लेखराज भट्ट, शंकर पोखरेल, कर्ण थापासहितको उपस्थितिमा रावलको असन्तुष्टिमाथि विमर्श भयो। १०बुँदे कार्यान्वयनका क्रममा सुदूरपश्चिम प्रदेशको इञ्चार्ज रावल कि भट्ट ? भन्ने प्रश्नको जवाफ खोजिएको थियो। सुदूरपश्चिमका नेताहरू भट्टसहित कर्ण थापा जसरी पनि रावललाई रोक्ने प्रयासमा छन्, जसको पक्षमा ओली पनि देखिएका छन्।

त्यसैले रावलको असन्तुष्टि सुनुवाइ भएको छैन। जसको उत्कर्ष रूप थियो, ५ कात्तिक ०७८ मा रावलले १०बुँदे समझदारी कार्यान्वयन कार्यदलको संयोजकबाट राजीनामा दिनु। पार्टीभित्र किनाराकृत हुन थालेको आभास गरेर हुनसक्छ रावलले असन्तुष्टिका संकेत सार्वजनिक रूपमै देखाउन थालेका थिए।

**ओली–रावल तिक्तताका तीन वर्ष**

२४ पुस ०७७ मा धनगढी पुगेर केपी ओलीले भनेका थिए– अछामको एउटा केटो, म जेल बस्या बेला बाटामा हिंड्दा हिंड्दै पुलिसले समातेर ल्याएछ। भेटाएर मैले राजनीतिकरण गऱ्या थिएँ। अहिले त कुरा सानातिना छैनन्। मान्छेभन्दा कुरा ठूला छन्। नानीभन्दा नाना ठूलो, मान्छेभन्दा कुरा ठूलो। नाम भन्नुपर्दैन, तपाईंले चिन्नुहुन्छ। यस प्रदेशको विकासको समस्या हुन्, ती मान्छे। अब त्यो समस्याको समाधान भएको छ।'

यति भनिरहँदा ओलीले नाम त लिएनन्, तर संकेत गरेका व्यक्ति थिए– भीम रावल। ५ पुसको संसद विघटनको प्रतिरक्षाका लागि धनगढी पुगेका ओलीले रावलप्रति तिखो टिप्पणी गर्नुअघि नेकपाको प्रदेश कमिटीको कोषको ३० लाख रुपैयाँ हिनामिना गरेको आरोप पनि लागिरहेको थियो।

त्यो आरोप लगाउनेमा अध्यक्ष ओलीनिकट नै थिए। पछि ओलीले रावलप्रति टिप्पणी गर्ने क्रममा फेक समाचारलाई समेत आधार बनाए। स्त्रीको मिर्गौला फेरेर ओली स्त्रीझैँ भएको भनेर रावलले नबोलेको प्रसंगलाई आधार बनाएर ओलीले पटक–पटक रावलविरुद्ध टिप्पणी गरेका थिए। १९ पुस ०७७ मा काठमाडौंको कार्की ब्यांक्वेटमा आयोजित एउटा भेलामा उनले रावलबारे आएको गलत समाचारको आधारमा आलोचना गरेका थिए।




ओलीले रावललाई नेताको हैसियतका रूपमा अस्वीकार गर्दै त्यतिबेला सम्बोधन गर्नुको खास मक्सद चाहिँ रावलले निरन्तर उनीविरुद्ध विषबमन गर्नुसँग जोडिएको थियो। अध्यक्ष केपी ओली तीन वर्षअघि प्रधानमन्त्री नियुक्त भएसँगै उपाध्यक्ष रावल विपक्षमा उभिएका थिए। पार्टीभित्रै प्रमुख प्रतिपक्षीको भूमिका देखिएका रावलले प्रधानमन्त्री ओलीका अधिकांश निर्णयमा प्रश्न उठाए। पार्टीका कमिटीमात्र होइन, सार्वजनिक रूपमै ओलीविरुद्ध अभिव्यक्ति दिएका रावलप्रति ओली सकारात्मक हुने स्थिति थिएन।

पूर्वसांसद एकनाथ ढकालको प्रयासमा एक धर्मप्रचारक संस्थाको अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाल सरकार नै सहआयोजक भएको घटनाको सबैभन्दा चर्को आलोचना गर्ने नेता थिए, भीम रावल। प्रधानमन्त्री ओलीका विदेश सल्लाहकार राजन भट्टराई र ढकाल कार्यक्रमको निमन्त्रणा बोकेर विभिन्न देश पुगेका थिए।

सरकारी हैसियतको कार्यक्रमको शैलीमा विदेशी पाहुनालाई निमन्त्रणा गर्ने प्रयासमात्र भएन, कार्यक्रम अवधिमा प्रधानमन्त्री ओली तीन दिनसम्म सोल्टी होटलमा बिताए। प्रधानमन्त्रीको निवास र कार्यालय छोडेर विवादास्पद कार्यक्रमका लागि पूरै समय दिएर होटलको बासप्रति नेता रावलले चर्को आलोचना गरे।

होली वाइन प्रकरणले चर्चित यो घटनाको आलोचक रावलले पछि सीके राउतसँगको सम्झौतामाथि पनि प्रश्न उठाए। राउतलाई मूलधारमा ल्याउने विधि र सम्झौताका केही व्यहोराप्रति गम्भीर प्रश्न थियो। समानान्तर हैसियतमा राज्यले सम्झौता गरेको रावलको तर्क थियो।

त्यसैगरी ओलीका कदमको निरन्तर विरोध गर्ने क्रममा रावलले भारतीय कलाकार नेपाल ल्याएर आयोजना गर्न खोजिएको आइफा अवार्डको पनि चर्को विरोध गरे। नेपाल सरकारले झण्डै एक अर्ब रुपैयाँ आइफालाई दिएर अवार्ड कार्यक्रम खर्ज खोजिएको भन्दै विरोध भएको थियो, त्यसमा पार्टीभित्रबाट रावलले निकै विरोध गरे। भारतीय नागरिकलाई प्रोत्साहित हुने गरी नागरिकता विधेयक ल्याएको भनेर पनि रावलले विरोध गरेका थिए।

विधेयक अहिलेसम्म संसदीय समितिमा अड्किएको छ। त्यसमाथि राष्ट्रपति विद्यादेवी भण्डारीको सक्रियतामाथि प्रश्न उठाए। भण्डारीले नेकपाको विवादलाई गिजोल्न खोजेकोदेखि प्रधानमन्त्री ओलीको इशारामा चलेको जस्ता गम्भीर आरोप पनि रावलले लगाए। ओलीले ल्याएको राजनीतिक दल विभाजन र संवैधानिक नियुक्तिसम्बन्धी अध्यादेशको सबैभन्दा पहिले चर्को आलोचना पनि पनि रावलले नै गरेका थिए। एमसीसी, ओली–सामन्त गोयल भेटदेखि तत्कालीन राजपासँगको गठजोडप्रति पनि रावलको रोष थियो ।

त्यसैले रावल झण्डै तीन वर्ष ओलीको प्रतिपक्षी भूमिकामा नै थिए। त्यो तिक्ततापूर्ण सम्बन्ध १०बुँदे समझदारीकै भरमा सुधारिन्छ भन्ने अवस्था छैन। त्यसैपनि ओली तुलनात्मक रूपमा इगो राख्ने नेतामा पर्छन्। परिस्थिति अनुसार बदला लिन खप्पिस ओलीले सहजै एमालेमा रावललाई स्पेस दिन्छन् भन्ने अवस्था देखिँदैन।

**ओलीका लागि रावलको उपादेयता कति ?**

ओली एमाले विभाजनको क्षति कम गर्न कम्तीमा पनि माधव नेपाल समूहलाई विभाजित गर्न चाहन्थे। त्यसैका लागि २७ असारमा १०बुँदे सहमति भयो, नेपाल पक्षका भीम रावलको नेतृत्वमा। ओलीले त्यही १०बुँदेका आधारमा विवादलाई किनारा लगाउन खोजे अनि रावलसहित नेपाल पक्षका १० नेता एमालेमा सुरक्षित अवतरणको खोजीमा रहे ।

ओलीको चाहना अनुसार नेपाल समूह विभाजित भयो।

बाँकी ४ पेजमा


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

# राष्ट्रिय पशु प्रजनन कार्यालय, लहान

## शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मिति : २०७८/०७/१०**

यस कार्यालयबाट मिति २०७८/०६/१७ गते यस कार्यालय परिसरमा विभिन्न निर्माण कार्यको लागि आव्हान गरिएका शिलबन्दी दरभाउपत्रमा तपसिलमा उल्लेखित दरभाउपत्र दाताको दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही भई उपरोक्त निर्माण कार्य गर्न छनौट हुने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | कामको बिबरण | ठेक्का नम्बर | बोलपत्रदाता | बोलकबोल अंक (भ्याट समेत) |
|---|---|---|---|---|
| 1 | Construction of Irrigation Canal | NLBOLAHAN/NCB/Works/04/2078-79 | Amit Nirman Sewa, Lahan-11, Padariya, Siraha | 449225.72 |
| 2 | Gravelling and PCC Over Road | NLBOLAHAN/NCB/Works/05/2078-79 | Amit Nirman Sewa, Lahan-11, Padariya, Siraha | 933299.64 |
| 3 | Maintenance of Bull Shed, Collection Yard, Office and Quarter Building | NLBOLAHAN/NCB/Works/06/2078-79 | Dragon Construction | 842838.62 |
| 4 | Bio security Fencing Work at Boundary Wall | NLBOLAHAN/NCB/Works/07/2078-79 | Suraj Nirman Sewa, Siraha-7 | 888647.58 |

### ओलीसँग सुलह...

र, सानो पंक्तिमात्रै एमाले विभाजन गर्न सफल भयो। त्यसले एमालेका लागि ठूलो राहत दियो। त्यसमा पनि संगठनमा पकड भएको भनिएका नेताहरू भीम रावल, सुरेन्द्र पाण्डे, घनश्याम भुसाल र योगेश भट्टराईले नै नेपालको साथ छोडेका थिए। रावलको प्रभाव सुदूरपश्चिममा निकै देखिन्थ्यो। एमालेको २५ सदस्यीय प्रदेशसभामा एमालेको पक्षमा ७ जना मात्रै थिए।

त्यसैले ओली रावललाई साथमा लिएर प्रदेशमा बलियो उपस्थिति देखाउन चाहन्थे। तर, परिस्थिति यस्तो भइदियो कि रावललाई साथ दिएका सांसदको संख्या न्यून रह्यो। त्यसैले माधव नेपालको पार्टी एकीकृत समाजवादी प्रदेशसभामा सबैभन्दा ठूलो दल बन्यो। त्यसले गर्दा रावलको शक्ति कमजोर रहेको ओलीको बुझाइ देखिन्छ। त्यतिमात्र होइन, रावलकै जिल्लाका राष्ट्रियासभा सदस्य शेरबहादुर कुँवर, प्रदेश सांसद र स्थानीय तहका जनप्रतिनिधिहरूले पनि रावललाई साथ दिएनन्। त्यसले रावललाई थप कमजोर बनायो।

अहिले भूगोलमा कमजोर देखिएका रावललाई केपी ओलीले साथमा लिँदा आफ्नो समूहको अर्को पंक्ति रुष्ट हुने र माओवादीबाट आएको भट्टको टिम पनि टाढिने स्थिति छ। राजनीतिशास्त्री गंगाबहादुर थापाको बुझाइमा पनि जुनस्तरमा भूगोलमा रावलको पकड रहेको ओलीको विश्लेषण थियो, त्यसअनुसार नदेखिएपछि ओलीले रावललाई किनाराकृत गर्न खोजेका छन्। थापा भन्छन्, त्यसको अर्थ ओलीले रावललाई पल्लो किनारामा पुर्‍याउनै चाहिँ चाहेका छैनन् तर आफ्नो समूहलाई रुष्ट बनाएर शक्तिहीन रावललाई लिन पनि रुचाएका छैनन्।'

यही सन्देश दिन कार्यदलको संयोजकबाट रावलले राजीनामा दिएको भोलिपल्ट नै ओलीले रावलको राजीनामालाई ठूलो इस्यु बनाउन नहुने तर्क गरेका थिए। ओलीले भनेका थिए– काम गर्न सकिन भनेर राजीनामा दिनुभयो कुन ठूलो कुरा भयो र ?' यसरी हेर्दा ओलीले रावलसहितका १० नेताहरूलाई माधव नेपालसँगै जान रोक्नुको सफलता भनेको एमालेको क्षति न्यूनीकरणमा मिलेको सफलता त हो नै उनीहरूको उचित व्यवस्थापन ओलीको चाहना होइन भन्ने संकेत पनि गर्न थालेको देखिन्छ। यही विषयमा केन्द्रित कुराकानी गर्न रावललाई फोन गर्दा रिसिभ गरेनन् र म्यासेजको जवाफसमेत फर्काएनन्। शिलापत्र अनलाइनबाट

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३-५६५४६८<br>९८१६७३७३३१ |


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |





लहानपोस्ट् दैनिकका लागि **प्रकाशक : भरत जर्घामगर, सम्पादक** : शम्भु कुमार यादव, **सल्लाहकार सम्पादक** : उद्धव हमाल, कानुनी सल्लाहकार : सन्तोष सुवेदी **कम्प्यूटर ले-आउट : महेन्द्र प्र. चौधरी**
**कार्यालय :**लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , *e-mail : lahanpost@gmail.com* **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)